दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १६३ | बुटवल | २०८२ जेठ २६, गते सोमबार | नेपाल संवत ११४५ | Monday June.09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# ढुंगा-गिट्टी निर्यातविरुद्ध सर्वोच्चमा मुद्दा दायर



**लुम्बिनी संवाददाता**

*बुटवल*

सरकारले बजेटमार्फत् ढुंगा-गिट्टी निर्यात खुलाउने निर्णय गरेपछि यसविरुद्ध सर्वोच्च अदालतमा अवहेलनासम्बन्धी रिट दर्ता भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली, अर्थमन्त्री विष्णुप्रसाद पौडेल र उद्योगमन्त्री दामोदर भण्डारीले सर्वोच्चकै परमादेश अवज्ञा गरेको भन्दै उनीहरूलाई तत्काल पदमुक्त गर्न माग गर्दै पेस गरेको रिट आइतबार दर्ता भएको वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले नेपालखबरलाई जानकारी दिए ।

'आगामी आर्थिक वर्ष २०८२-०८३ को बजेटको बुँदा नम्बर ८७ ले अदालतको अवहेलना गरेकाले प्रधानमन्त्री र अर्थमन्त्रीलाई हदैसम्म कारबाही गरिपाऊँ भनी निवेदन पेस गरेको छु ।'-त्रिपाठीले भने ।

उनका अनुसार विपक्षी दुवै जनालाई अदालतको अवहेलनाको गम्भीर कसुर गरेकाले २४ घण्टाभित्र अदालतमा उपस्थित गराई, बयान लिई कारबाही माग गरिएको छ ।

यसअनुसार न्याय प्रशासन ऐन २०७३ को दफा १७ (४) बमोजिम हदैसम्मको (१ वर्ष कैद र १० हजार जरिवाना) सजाय गरिपाउन, निज विपक्षीहरूलाई तत्काल पदमुक्ता गरिपाउन र भविष्यमा उनीहरूलाई सार्वजनिक पदधारण गर्न अयोग्य घोषित गरिपाउन माग दाबी गरिएको छ । त्यसैगरी नयाँ बजेटको बुँदा नम्बर ८७ कार्यान्वयन तत्काल रोक्न माग गरिएको छ ।

रिट निवेदक त्रिपाठीका अनुसार हाम्रो संविधानले न्यायपालिकालाई संविधान एव कानुनको अन्तिम व्याख्याताको रूपमा स्थापित गरेको छ । अदालतले दिएका आदेश एव फैसलाहरू प्राज्ञिक महत्वका लागि मात्र हुँदैनन् अपितु यसको सार्थकता यसको प्रभावकारी कार्यान्वयनमा रहेको हुन्छ ।

यदि सम्बन्धित व्यक्ति, निकाय एवं पदाधिकारीहरूले अदालती आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्दैनन् भने यसको औचित्य तथा सार्थकता समाप्त हुनजाने रिट निवेदनमा उल्लेख छ । न्यायिक आदेश एवं फैसलाहरूको सार्थकता यसको कार्यान्वयनमा नै निहित रहेको हुन्छ भन्ने कुरामा कुनै दुई मत हुन नसक्ने निवेदनमा उल्लेख छ ।

'यसै सम्बन्धमा मिति २०७८/२/१५ गते अध्यादेशमार्फत् अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७८/०७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यको बुँदा नं. १९९ मा 'वातावरणीय प्रभाव मूल्यांकनको आधारमा खानीजन्य ढुंगा गिट्टी बालुवा निकासी गरी ब्यापारघाटा न्यूनीकरण गरिनेछ । निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुल छुट दिने व्यवस्था मिलाएको छु" भन्ने बजेट वक्तव्य जारी गरिएकोमा सो बजेटको बुँदा नं. १९९ कार्यान्वयन नगर्नु नगराउनु भनी मैले सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन (रिट नम्बर ०७७-धअ- ०१०२) दायर गरेको थिएँ', रिट निवेदकले भनेका छन्-'सो सम्बन्धमा सम्मानित सम्वैधानिक इजलासले मिति २०७९/१/७ गते खानीजन्य निकासीलाइ रोक्न परमादेशको आदेश जारी गरेको थियो ।'

रिटअनुसार अदालतले फैसलाको प्रकरण ४१ मा स्पष्ट रुपमा बोलेको थियो - खानीजन्य वा नदीजन्य प्राकृतिक स्रोतको दोहन गरी ढुंगा गिट्टी बालुवा आदि निकासी गर्ने सम्बन्धमा संविधानका व्यवस्था भावना र मर्म समेत अनुकूल हुने गरी संघीय विधायिकाद्वारा अन्यथा व्यवस्था नगरेसम्म नेपालको कुनै पनि क्षेत्रबाट ढुंगा गिट्टी आदिको निकासी गर्ने गराउने कार्य नगर्नु नगराउनु, मुलुकको भौगोलिक भौगर्भिक र वातावरणीय संवेदनशीलता समेतलाई दृष्टिगत गरी प्रशासन र सुरक्षा निकायहरू समेतको परिचालन गरी हाल भइरहेको विदेशतर्फको निकासीलाई रोक्नु र वातावरण संरक्षणमा प्रभावकारी व्यवस्था मिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ' भनी परमादेश जारी हुने फैसला गरिएको थियो ।

'आर्थिक वर्ष ०८२/०८३ को बजेटको बुँदा नम्बर ८७ मा सोको सर्वथा प्रतिकूल हुने गरी एवं सम्मानित संवैधानिक इजलासको फैसलालाई सर्वथा निष्क्रिय एव निष्प्रभावी हुने गरी निम्न प्रावधान राखिएको छ - प्राकृतिक तथा खानीजन्य वस्तुको व्यावसायिक उत्पादन र बजारीकरणमा निजी क्षेत्रलाई सहभागी गराइनेछ', रिटमा भनिएको छ-'वातावरणीय प्रभाव अध्ययनबाट उपयुक्त र आर्थिक दृष्टिले सम्भाव्य देखिएका खानीजन्य र नदीजन्य निर्माण सामग्रीको उत्खनन र प्रशोधन गरी आन्तरिक उपयोग र निर्यात गर्ने व्यवस्था मिलाइनेछ ।'

वर्तमान बजेटको प्रस्तुत बुँदाले संवैधानिक इजलासको फैसलाको स्पष्ट उल्लंघन भएको रिटमा उल्लेख छ ।

'सम्मानित अदालतको आदेश एवं फैसलालाई उल्लंघन गर्ने अधिकार राज्यको कुनै पनि निकाय एव पदाधिकारीलाई प्राप्त छैन । प्रस्तुत बजेटको बुँदा नम्बर ८७ नितान्त कपटपूर्ण छ', रिटमा उल्लेख छ, 'प्रस्तुत प्रावधानले अदालतको सर्वोच्चतालाइ ठाडै चुनौती दिएको छ । यसबाट संविधानको शक्ति पृथकीकरणको अवधारणामाथि समेत प्रत्यक्ष प्रहार गरेको छ ।'

क्रेसर तथा खानी उत्खनन् गर्ने व्यवसायीहरुले भने मुलुकमा रहेका प्राकृतिक स्रोतलाई वातावरणमा असर नपर्ने विधि बनाएर विदेश निर्यात गरी लाभ लिन सक्नुपर्ने तर्क गर्छन् । नेपालको चुलिंदो व्यापार घाटालाई सन्तुलनमा ल्याउने र आर्थिक समृद्धिमा योगदान गर्न ढुंगा गिटीको निर्यात व्यापारलाई रोक्न नहुने उनीहरुको तर्क छ ।

## एमालेभित्र अर्को खेल हुन थाल्यो : प्रधानमन्त्री

बुटवल । प्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टी राजनीतिमा फर्किने विषयलाई लिएर टिप्पणी गरेका छन् ।

आइतबार काठमाडौँमा अनेरास्ववियुको २४औं राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै उनले भण्डारीको नाम नलिइ पार्टीभित्र अर्को खेल हुन थालेको बताए ।

कसलाई नेतृत्व दिनेबारे पार्टीमा कुनै छलफल नभएको भन्दै उनले बाहिर हल्ला चलाएर पार्टी कमजारे बनाउन खोजिएको दाबी गरे ।

'पार्टीभित्र अर्को खेल हुन खोजेको छ, यहाँ अब फलाना आउने अरे, फलाना आउने अरे, यस्तो यस्तो,' ओलीले भने-'पार्टीमा कुनै छलफल नै भएको छैन, को महासचिव, को अध्यक्ष, को उपाध्यक्ष, अहिले महाधिवेशन घोषणै भएको छैन, महाधिवेशनमा के गर्ने सरसल्लाह भएको छैन। छलफल भएको छैन । अनि यो बाहिर बाहिरका हल्ला चलाएर पार्टीलाई कमजोर पार्न खोज्ने, पार्टी कार्यकर्ताको मनस्थिति बिथोल्न खोज्ने यस्ता दुष्प्रयासहरुलाई सोझै इन्कार गर्नुस् । यस्ता खालका कुरा नगर्न त्यस्ताहरुलाई जवाफ दिनुस् । स्टाटस, सिस्टाटसलाई पनि जवाफ दिए हुन्छ ।'

प्रधानमन्त्री ओलीले पार्टीका आन्तरिक कुरा भए पार्टीभित्र गर्न र सामाजिक सञ्जालबाट पार्टीलाई खुइल्याउने, होच्याउने, अपमान गर्ने काम नगर्न चेतावनी दिए ।

## नेपाल टेलिकमको बिलिङमा भ्रष्टाचार, १८ जनाविरुद्ध मुद्दा

बुटवल । नेपाल टेलिकमको बिलिङमा भ्रष्टाचार गरेको अभियोगमा प्रबन्ध निर्देशक संगीता पहाडी, पूर्वप्रबन्ध निर्देशक सुनिल पौडेलसहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पहाडी, पौडेलसहित १८ विरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

यस्तै, तत्कालीन प्रमुख प्राविधिक अधिकृत प्रतिभा श्रेष्ठ, तत्कालीन प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ, तत्कालीन प्रमुख सञ्चालन अधिकृत झविन्द्रलाल उपाध्याय, तत्कालीन निर्देशक विनिता श्रेष्ठ, तत्कालीन निमित्त निर्देशक अमूल प्रधान, तत्कालीन प्रबन्धक देवेन्द्र खतिवडा, तत्कालीन उपप्रबन्धक राजीवकुमार केसी, तत्कालीन उपप्रबन्धक सन्तोषकुमार श्रेष्ठ, तत्कालीन उपप्रबन्धक नवल चौधरी, तत्कालीन उपप्रबन्धक मुक्तिप्रसाद अर्याल, तत्कालीन उपप्रबन्धक हेमप्रभा कर्ण, तत्कालीन उपप्रबन्धक परमात्मा भट्टराई, शैलेश श्रेष्ठलगायतलाई प्रतिवादी बनाइएको छ ।

यस्तै, विदेशी नागरिकहरू लङ यङ, होङ वी र चिनियाँ कम्पनी एसिया इन्फो प्रालिलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ ।

उनीहरुले नेपाल टेलिकमको बिलिङ प्रणाली मर्मत गर्न ठेक्का प्रणाली लम्ब्याएर भ्रष्टाचार गरेको आरोप अख्तियारले लगाएको छ । प्रतिवादीविरुद्ध ३३ करोड ४८ लाख रुपैयाँ बिगो मागदाबी गरिएको छ । बिलिङ प्रकरणमा ९ करोड ८८ लाख रुपैयाँ हानि नोक्शानी गरेको देखिएकाले हानि नोक्शानी गरे बराबरको रकम असुल उपर गर्नसमेत अख्तियारले मागदाबी गरेको छ ।

विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालले विशेष अदालतमा १८ जनालाई प्रतिवादी बनाएर मुद्दा दर्ता गरेको जानकारी दिए ।

नेपाल टेलिकमबाट प्रतिस्पर्धाबिना करिब ३ अर्ब १५ करोड रुपैयाँको ठेक्का सम्झौतामा कैफियत देखिएपछि अख्तियारले विस्तृत अनुसन्धान गरेको थियो ।

२०७९ पुसमा भएको ठेक्का सम्झौताअनुसार चिनियाँ कम्पनी एसिया इन्फो नामक कम्पनीले वार्षिक करिब ६५ करोड रुपैयाँका दरले पाँच वर्षमा ३ अर्ब रुपैँयाभन्दा बढी भुक्तानी पाउने स्थिति बनेको थियो ।

## घर जग्गा कारोबारमा बैंक स्टेटमेन्ट नचाहिने

**लुम्बिनी संवाददाता**

*बुटवल*

फाइनान्सियल टास्क फोर्स (एफटीएफ)' को 'ग्रे लिस्ट' बाट मुलुकलाई बाहिर निकाल्नका लागि भन्दै भूमि व्यवस्थापन तथा अभिलेख विभागले घर जग्गा कारोबारमा बैंक स्टेटमेन्ट चाहिने निर्देशन एक सातामै संशोधन भएको छ ।

घरजग्गा कारोबार गर्दा खरिदकर्ता र बिक्रीकर्ताको बैंक स्टेटमेन्ट पनि अनिवार्य चाहिने गरी २० जेठमा विभागले निर्देशन ल्याएकोमा आइतबार त्यसलाई संशोधन गरी अत्यन्तै लचिलो बनाइएको हो ।

संशोधित व्यवस्थाअनुसार अब घरजग्गा कारोबारमा खरिदकर्ता र बिक्रीकर्ताको बैंक स्टेटमेन्ट चाहिने छैन । बैंक स्टेटमेन्टसम्बन्धी व्यवस्था नै निर्देशनबाट हटाइएको छ । खरिदकर्ता, बिक्रीकर्ता तथा एजेन्ट कम्पनीका सञ्चालकले अनिवार्य रुपमा केवाईसी फाराम भर्नुपर्ने व्यवस्था पनि निर्देशनले हटाएको छ ।

यसअघि घरजग्गा खरिद बिक्री कारोबार गर्दा सूचक संस्थाले खरिदकर्ताको बैंक खाताबाट बिक्रीकर्ताको बैंक खातामा कारोबार बराबर रकम जम्मा भएको प्रमाण लिखतसाथ संलग्न गर्नुपर्ने व्यवस्था थियो । बैनाबट्टाको कारोबारको बैंक स्टेटमेन्ट पनि अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था गरिएकोमा त्यो पनि हटाइएको छ ।

यसका साथै, यसअघि १० लाखभन्दा माथिको ५० लाख रुपैयाँसम्मको कारोबार अनिवार्य रुपमा बैंकिङ प्रणाली वा विद्युतीय प्रणालीमार्फत गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

त्यस्तै ५० लाख रुपैयाँभन्दा बढीको कारोबार गर्दा विद्युतीय भुक्तानी प्रणालीमार्फत सोझैँ वा चेकमार्फत् गर्दा बिक्रीकर्ताको नाममा तयार गरिएको गुड फर पेमेन्ट चेकमार्फत् गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

» बाँकी ३ पेजमा

## लुम्बिनी केबलकार तेस्रो वर्षमा, भारतीय पर्यटक तेब्बरले वृद्धि




बुटवल । लुम्बिनी केबलकार लि. औपचारिकरुपमा सञ्चालनमा आएको दुई वर्ष पूरा गरी तेस्रो वर्ष प्रवेश गरेको छ । २०८० जेठ १५ देखि व्यवसायिक सञ्चालनमा आएको केबलकारको औपचारिक उद्घाटन २०८० जेठ २५ गते भएको थियो । बुटवल-३ बमघाटमा तल्लो स्टेशन र पाल्पाको तिनाउ गाउँपालिका ३ बसन्तपुरमा माथिल्लो स्टेशन रहेको केबलकारले बुटवल र बसन्तपुरलाई जोडेको छ । सञ्चालनमा आएको दुई वर्षमा साढे तीन लाख बढी पर्यटकले केबलकार यात्रा गरेका कम्पनीले जनाएको छ । कूल पर्यटकमध्ये भारतीय पर्यटकको संख्या अघिल्लो वर्षको तुलनामा तेब्बरले वृद्धि भएको छ ।

आर्थिक वर्ष २०८०-८१ मा ८ प्रतिशत भारतीय आएकामा चालु आर्थिक वर्षमा बढेर २१ प्रतिशत पुगेको केबलकारका अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूले जानकारी दिए । दुई वर्षमा झण्डै ५० हजार भारतीय पर्यटक आएको कम्पनीले जनाएको छ । तेस्रो मुलुकका पर्यटक संख्या भने एक प्रतिशतभन्दा कम छ ।

दशकौं वर्षसम्म सुनसान पाल्पाको बसन्तपुर केबलकार सञ्चालनमा आएपछि गुल्जार भएको छ ।

समुन्द्री सतहबाट करिब एक हजार मिटर उचाईमा रहेको डाँडोमा लुम्बिनी केबलकारको माथिल्लो स्टेशनसहित प्रख्यात शक्तिपीठ कामाख्या देवीको मन्दिर, जीपलाइन, स्काई साइक्लिङ, ज्वायन्ट स्वीङ ( आधुनिक पिङ), बाल उद्यान, भ्यू प्वाइन्ट, रेष्टुराँ, सेमिनार हललगायत पर्यटकीय संरचना बनेकाले दुई वर्षमै बसन्तपुर आकर्षक पर्यटकीय गन्तव्य बनेको हो । २९ वर्षअघि २०५३ सालमा स्थानीय लक्ष्मण गौतम, तेजप्रसाद सुनार, ऋषि भण्डारीलगायतले बुटवलबाट बसन्तपुर जोड्ने गरी केबलकार सञ्चालनको परिकल्पना गरी करिब सय रोपनी जग्गा खरिद गरेका थिए ।

६ वर्षअघि चन्द्रप्रसाद ढकाल समूहको आइएमई ग्रुपले नेतृत्व लिएपछि भने केबलकार निर्माणले गति लिई शुरु गरेको २ वर्षमै केबलकार सपना सार्थक भयो । बसन्तपुरमा प्रख्यात शक्तिपीठ कामाख्या देवीको मन्दिर र सय वर्षदेखि पूजाआजा हुंदै आएको दुर्गा माताको मन्दिरलाई पुनःनिर्माण गरी नयाँ बनाइएको छ । यी दुई मन्दिर हिन्दु धर्मावलम्बीका लागि विशिष्ट आकर्षण बनेका छन् ।

कामाख्या देवीको दर्शनले मनोकामना पूरा हुने र जीवनमा आइपर्ने संकट मोचन हुने धार्मिक विश्वासले नेपाल र भारतका विभिन्न शहरबाट भक्तजनहरु उल्लेख्य संख्यामा आउने गरेको मन्दिरका मूल पूजारी सुरेश पौडेल बताउँछन् ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

## सम्पादकीय

# खोई अपाङ्गमैत्री पूर्वाधार ?

विभिन्न सरकारी कार्यालय भवन अपाङ्गमैत्री नबन्दा समस्या भएको छ । पछिल्ला केही वर्ष यता मुलुकमा पूर्वाधार निर्माणले फड्को मारेको छ । गाउँ-गाउँमा सुविधासम्पन्न विद्यालय भवन बनेका छन् । गाउँ-गाउँमा सिंहदरबार भन्ने अभियानसहित पालिकाको प्रशासनिक भवन र वडा कार्यालयहरु पनि सुविधा सम्पन्न बनेका छन् । बनेका भवन जति सुन्दर र आकर्षक छन्, ती भवन आम नागरिकको पहुँचमा भएनन् ।

नेपालको संविधानले राज्यका नागरिकलाई कुनै पनि ढंगले भेदभाव नगर्ने ग्यारेण्टी गरेको छ । राज्यले दिने सेवा प्रवाहमा सबैको पहुँच स्थापित गर्ने ग्यारेण्टी गरिएको भए पनि व्यवहारमा कार्यान्वयन गर्न चासो नदिनु कमजोरी हो । अपाङ्ग नागरिक सेवा लिने पहुँचबाट अलग हुनुको अर्थ हो, साँचो अर्थमा संविधानको कार्यान्वयन भएन् । संविधानको पालना गर्न बेवास्ता भयो । अपाङ्ग नागरिकलाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरियो । गाउँ-गाउँमा सिंहदरबार भन्ने, तर ती दरबार खासमा नागरिकको पहुँचको लागि बनेका हुन् कि शासकको लागि ? अहिले उठेको महत्वपूर्ण प्रश्न हो यो । नागरिकको पहुँचको लागि हो भने अपाङ्गको पहुँचमा ती भवन किन छैनन् ? अपाङ्गमैत्री पूर्वाधार नबन्दा स्थानीय सरकार सामु आफ्ना समस्या राख्ने र समाधानको लागि ध्यानाकर्षण गराउन समस्या भएको देखिन्छ । विद्यालय भवन अपाङ्गमैत्री नहुँदा कतिपय विद्यार्थी विद्यालय जान वञ्चित भएका छन् । संविधानले हरेक नागरिकलाई शिक्षाको हकको ग्यारेण्टी गरेको छ । संविधानले स्थापित गरेको अधिकार नागरिकलाई दिन राज्यले पूर्वाधार निर्माणदेखि अरु व्यवस्थापनको ग्यारेण्टी गर्नुपर्छ । अपाङ्ग नागरिक विद्यालय जान वञ्चित हुनुपर्ने अवस्था आउनु भनेको संविधानमा भएको व्यवस्थाको उल्लंघन हो, बेवास्ता हो ।

पहिले-पहिले अपाङ्गमैत्री पूर्वाधार निर्माणमा पटक्कै ध्यान दिइएन् । नेपालको संविधान २०७२ पछि कतिपय सरकारी भवन निर्माण अपाङ्गमैत्री भए पनि धेरैजसो अपाङ्गमैत्री छैनन् । नागरिकको घरदैलोको स्थानीय सरकार नागरिकको सिधा पहुँचमा हुने सरकार हो । स्थानीय सरकारका सेवा प्रवाह गर्ने भवन अपाङ्गमैत्री नहुनु नागरिकप्रति अपमान हो । बुटवल उप-महानगरपालिकाले चार वर्षअघि निर्माण गरेको मुख्य प्रशासनिक भवन नै अपाङ्गमैत्री छैन । अरु स्थानीय तह पनि बुटवलले झैँ अपाङ्गमैत्री पूर्वाधार निर्माणलाई बेवास्ता गरेका छन् ।

भवन निर्माण संहिता २०७२ ले भूकम्पप्रतिरोधि र सुरक्षित भवन निर्माण सम्बन्धि प्रभावकारी आचारसंहिता बनाएको छ । यद्यपी अपाङ्गमैत्री संरचनामा आउने आपतकालीन स्विच, शौचालयको सिट, समाउने बारको प्रकार, उचाई, चुकुल, बेशिन, ऐना जस्ता वस्तुहरु कति, कहाँ र कसरी राखिनुपर्छ भनेर पनि कतै उल्लेख गरिएको छैन । अपाङ्गता भएका सेवाग्राही भने भौतिक संरचनामात्र होइन, पालिकाहरुका सूचना, कार्यक्रम, बजेट र छलफल जस्ता क्रियाकलापहरु समेत आफूहरुलाई सुसूचित र सहभागी बनाइनुपर्ने उनीहरुको माग जायज छ । पहिले बनिसकेका कतिपय बाहेक धेरै कार्यालय भवनमा अपाङ्गमैत्री पूर्वाधार तयार गर्न सकिन्छ । राज्य सबै नागरिकप्रति समान व्यवहार गर्छ भन्ने अनुभूति दिन पनि अपाङ्मैत्री पूर्वाधार निर्माण अनिवार्य छ ।

# कार्यान्वयनको कसीमा बजेट



डा. चन्द्रमणि अधिकारी




अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०८२/८३ का लागि १९६४ अर्बको बजेट सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको छ । अब सात वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय तहले आ-आफ्नो बजेट सम्बन्धित सभामा प्रस्तुत गर्न बाँकी छ । प्रदेश र स्थानीय सरकारका बजेटको प्रमुख स्रोत पनि सङ्घीय तहबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा अनुदान नै हो । त्यसका लागि पुग/नपुग ५८४ अर्ब रकम विनियोजनसमेत भइसकेको छ । अब प्रदेश तथा स्थानीय सरकारले त्यसमा आफूसँग भएको केही मौज्दात र आफ्नो स्रोतबाट सङ्कलन गर्ने राजस्व रकम थप गरी बजेट प्रस्तुत गर्ने छन् ।

विगतको अनुभव, प्रदेश तथा स्थानीय तहको राजस्व सङ्कलनको संरचना एवं कुल बजेटमा त्यस तहका सरकारबाट सङ्कलन गरिएको राजस्वको न्यून योगदानलाई हेर्दा आउँदो वर्षका लागि तिनै तहका सरकारको गरी करिब साढे २७ खर्ब रुपियाँ बराबरको बजेट प्रस्तुत हुने अनुमान गर्न सकिन्छ । त्यसमा दोहोरो पर्न जाने करिब चार खर्ब रकम घटाउँदा मोटामोटी साढे तेइस खर्ब रुपियाँ बराबरको रकमलाई गुणस्तरीय ढङ्गले खर्च गरेर त्यसैबाट आमनागरिकले अपेक्षा गरे अनुसारको आर्थिक तथा सामाजिक विकासका लक्ष्य हासिल गर्नुपर्ने छ । यस सम्बन्धमा गत आव २०८०/८१ को तथ्याङ्क केलाउँदा सो वर्ष तीन तहमा गरी २५८१ अर्ब रकम विनियोजन भएकोमा २००१ अर्ब खर्च भएको रहेछ । त्यसमध्येबाट दोहोरो खर्च देखिने रकम घटाउँदा खुद १६४० अर्ब रकम खर्च भएछ । त्यसमध्ये ४४८ अर्ब अर्थात् २७ प्रतिशत पुँजीगततर्फ खर्च भएको देखिन्छ । त्यसको गुणस्तरीयताको मूल्याङ्कनको विषय पनि आफ्नो ठाउँमा छ ।

सङ्घीय सरकारका तर्फबाट प्रस्तुत बजेटले छ प्रतिशतको आर्थिक वृद्धि र मुद्रास्फीतिलाई ५.५ प्रतिशतभित्र राख्ने लक्ष्य लिएको छ भने पहिलो उद्देश्यमा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने उल्लेख छ । यसबाहेक लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने, प्रविधिको प्रयोग बढाएर दक्षता वृद्धि गर्ने, सामाजिक न्याय कायम गर्ने, सार्वजनिक सेवालाई गुणस्तरीय बनाउने तथा सुशासन प्रवर्धन गर्नेसमेतका अरू चार वटा उद्देश्य पनि राखिएका छन् । बजेटले सधैँ झैँ उद्यमशीलता, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि, गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी, सामाजिक क्षेत्रमा गुणात्मक सुधार, सन्तुलित विकास, सामाजिक सुरक्षाको सुनिश्चितता, नागरिकमैत्री सेवा, र भ्रष्टाचार नियन्त्रण जस्ता विषयलाई प्राथमिकतामा राखेको छ ।

कृषिमा अनुनिकीकरणद्वारा अर्थतन्त्रको रूपान्तरण, उद्योगव्यापार तथा लगानी प्रवर्धन, पर्यटन पूर्वाधार र सम्पदा संरक्षण, निरोगी र स्वस्थ्य नेपाली, स्वच्छ ऊर्जा तथा खेतीयोग्य जमिनमा सिञ्चित क्षेत्र विस्तार र योजनाबद्ध सहरी विकास समेतका कार्यक्रम पनि अघि सारेको छ । यी सबैलाई हेर्दा बजेटको उद्देश्य, प्राथमिकता र कार्यक्रमका शब्दावलीमा आपत्ति जनाउनुपर्ने कुनै कारण छैन । विनियोजित बजेट तथा निर्धारित लक्ष्यले हाम्रासामु रहेका चुनौतीलाई सम्बोधन गर्लान् त ? लिएको लक्ष्यको अङ्क र निर्धारित उद्देश्यबिच तालमेल मिलेको छ त ? संविधानले देखाएको अर्थ दर्शनको बाटो र आवधिक योजनाले लिएको सोच वा गन्तव्यमा पुग्न निर्धारित लक्ष्य पर्याप्त छ त ? निर्धारित लक्ष्य हासिल गर्न सरकारका अतिरिक्त अन्य पक्षको भूमिका कस्तो हुनु पर्ला ? अन्तर्राष्ट्रिय अर्थतन्त्रको दिशा कता जाला ? तीन तहका सरकारले कसरी काम गर्नु पर्ला भन्ने प्रश्न हाम्रोसामु तेर्सिएका छन् । यी प्रश्नको जगमा टेकेर विषयको चिरफार गर्दा भने बजेटले लिएको आर्थिक वृद्धिको लक्ष्य र यसले लिएको पहिलो उद्देश्यबिच खासै तालमेल मिल्न सकेको देखिँदैन ।

विगतलाई हेर्दा दशकौँदेखि आर्थिक वृद्धिलाई मुद्रास्फीतिले उछिनेको छ । महँगीको अङ्कभन्दा तल रहेको आर्थिक वृद्धिलाई उच्च आर्थिक वृद्धि भन्न सकिन्न । अर्कोतर्फ हाम्रो सामुन्ने सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको राष्ट्रको स्तरमा पुऱ्याउनुपर्ने, सन् २०२६ मा देश विकासोन्मुख राष्ट्रमा स्तरोन्नति भएपछि आउने चुनौती सम्बोधन गर्न र त्यसबाट सिर्जना हुने अवसरको उपयोग गर्नु पर्ने, पैठारी तथा विप्रेषणमा आधारित अर्थतन्त्रलाई निकासी र उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै जानुपर्ने समेतका चुनौती छन् । यी विषयलाई मध्यनजर गर्ने हो भने छ प्रतिशतको आर्थिक वृद्धिबाट त्यस्ता चुनौतीको सम्बोधन हुन सक्दैन । यसका लागि कम्तीमा पनि वार्षिक आठ प्रतिशतको आर्थिक वृद्धिको आवश्यकता पर्छ । त्यसका लागि लगानी पनि त्यही अनुपातमा हुनु पर्छ । तीन तहको सरकारबाट बल्लबल्ल साढे चार अर्ब लगानी भएको र निजी एवं सामुदायिक क्षेत्रबाट हुने लगानीमा समेत सङ्कुचन आएको बेलामा उच्च आर्थिक वृद्धि सहजै हासिल गर्न सकिने पनि होइन ।

बजेटले उद्देश्य, प्राथमिकता र कार्यक्रम गरी तीन वटै तहमा सुशासन, भ्रष्टाचार नियन्त्रण, शासकीय सुधार, आयोजना व्यवस्थापनमा सुधार, वित्तीय क्षेत्र सुदृढीकरण र मितव्ययितालाई स्थान दिएको अवस्थामा यी विषय प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् भन्ने विश्वास राख्ने हो भने सात प्रतिशतको वृद्धि सजिलै हासिल हुन सक्छ । सुशासन अनुभूति सूचक एक अङ्कले माथि उक्लिएमा आर्थिक वृद्धि कम्तीमा पनि डेढ प्रतिशतले माथि जान्छ भन्ने अध्ययनहरूले देखाएका छन् । हामीले बजेटमा उल्लिखित कार्यक्रमको पूर्ण कार्यान्वयन हुन्छ भन्ने अठोट राखेर बजेट तर्जुमा गरेका हौ भने त्यो सूचकलाई बढाएर कम्तीमा पनि ४० पुऱ्याउने अठोट गरको हुनु पर्छ । त्यसो गर्दा आठ प्रतिशतको वृद्धि हुन सक्छ, सुशासन र स्रोतको सन्तुलित विनियोजन भयो भने अनि आर्थिक वृद्धिलाई उच्च र फराकिलो बनाउन सकिन्छ । यहाँ बजेट तर्जुमा र लक्ष्य निर्धारण गर्दा पूर्णरूपले साँगोपाँगो मिलेको देखिँदैन ।

अर्कोतिर आर्थिक वृद्धि सङ्घीय सरकारले गरेको कामले मात्र हासिल हुने होइन । यसका लागि निजी तथा सामादयिक क्षेत्र र तीन वटै तहका सरकारको लगानी, लगानीका सोच तथा तिनको कार्यान्वयनबिच पर्याप्त तालमेल हुनु पर्छ । विनियोजन पक्षमा पुँजीगत खर्चको अङ्क चालु वर्षको तुलनामा केही बढेको देखिए पनि राजस्वमाथिको चापले होला विदेशी सहायतामा बढी भर परेको देखिन्छ । यसको अर्थ पुँजीगत खर्चतर्फको विनियोजनको जग कमजोर देखिन्छ । विगतलाई हेर्दा वैदेशिक सहायता प्राप्तिको गति सुस्त र न्यून छ ।

आव २०७९/८० मा बजेटले अनुमान गरेमध्ये ४२ प्रतिशत मात्र अनुदान प्राप्त भएको छ भने आव २०८०/८१ का लागि यो प्रतिशत ४६ छ । वैदेशिक ऋणतर्फ यी दुवै वर्षमा अनुमान गरिएको रकमको क्रमशः ४७ प्रतिशत र ५६ प्रतिशत मात्र प्राप्त भएको छ । चालु आवमा पनि जेठ २२ गतेसम्ममा बजेटमा राखिएकोमध्ये ३८ प्रतिशत मात्र अनुदान प्राप्त भएको छ । ऋणतर्फ वर्र्षभरिमा अनुमान रकमको दुई तिहाइ मात्र प्राप्त हुने सम्भावना छ । सरकारले आगामी वर्षका लागि १४८० अर्ब राजस्व उठाउने लक्ष्य राखेको छ, जुन आव २०८०/८१ मा उठेको राजस्वको तुलनामा ४० प्रतिशतले बढी हो । जबकि विगत नौ वर्षको राजस्व सङ्कलनको औसता वृद्धि १२ प्रतिशत छ भने विगत तीन वर्षको मात्र हेर्दा यो अङ्क छ प्रतिशत पुगनपुग छ । सरकारले बजेट कर्यान्वयन गर्दा राजस्व परिचालन र वैदेशिक सहायता रकमको परिचालन र उपयोग गर्ने विषयमा विशेष रणनीति अख्तियार गर्नु पर्छ । उद्देश्य र नियतमा खोट नभए पनि बजेटका आय तथा विनियोजनका ढाँचा, नीतिगत व्यवस्था र कार्यक्रमको स्वरूप हेर्दा यस बजेटले कतिपय अवस्थामा समाजवादप्रतिको सद्भावलाई बिर्सिएको आभास हुन्छ । वर्गीय तथा आर्थिक सामाजिक दृष्टिले पछि परेका र गरिबीको रेखामुनि रहेका वर्गको हितमा रोजगारी र उत्पादनमूलक कार्यक्रम ल्याउनुपर्ने थियो ।

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने विषयलाई बेवास्ता गरे जस्तो पनि देखिन्छ । गाउँठाउँका बाँझा जग्गा जमिनलाई अवाद गर्ने र ती ठाउँमा रहेका पूर्वाधारको प्रयोग अब आर्थिक तथा सामाजिक क्रियाकलापमा अभिवृद्धि गर्ने गरी अझ बलिया र ठोस कार्यक्रम ल्याउन सकेको भए राम्रो हुन्थ्यो । व्यक्तिगत आयकरको सीमा बढाएर उपभोक्ताको क्रय क्षमता बढाउनु पर्दथ्यो, त्यो भएन ।

बजेट आइसकेको छ, यसले सबैलाई चित्त बुझाउन त नसक्ला तर कार्यान्यवनमा लैजाँदा विवेक पुऱ्याउनु पर्छ, आमनागरिकलाई न्याय गर्नु पर्छ र न्याय गरेको देखिनु पनि पर्छ । मितव्ययिताको कुरा भाषणमै सीमित हुनु हुँदैन । करका सम्बन्धमा गरेको छुटको व्यवस्था र विनियोजनतर्फ कार्यक्रमिक लाभ आमनागरिक, उपभोक्ता, किसान, मजदुर र लघु, साना र मझौला उद्योगी व्यवसायीले पाए कि पाएनन् भन्नेबारे निरन्तर अनुगमन हुनु पर्छ । बजेटमा कतिपय नयाँ र राम्रा विषय पनि परेका छन् । उदाहरणका लागि विद्युतीय कारोबारमा लागेको मूल्य अभिवृद्धि कर हटाइएको छ । सुर्तीजन्य तथा मदिराजन्य वस्तुमा कर बढाइएको छ । त्यसले अनधिकृत व्यापार बढाउने विषयमा सरकार चनाखो हुनु पर्छ । आयोजना कार्यान्वयनमा ढिलाइ गर्ने र त्रुटिपूर्ण डिजाइन गर्नेलाई जवाफदेही बनाउने कुरा कत्तिको पालना हुन्छ, त्यसले पनि बजेट कार्यान्वयनको प्रभावकारिता निर्धारण गर्छ । वस्तुको भन्सार शुल्कमा दिएको छुटको लाभ उपभोक्तासम्म नै पुग्छ कि व्यापारीकै तहमा अड्किन्छ भन्ने विषयमा पनि सरकार चनाखो हुनु पर्छ । यी सबै काम गर्न सके बजेटमा केही कार्यान्वयनको दृष्टिले असल कसीमा उतार्न सकिन्छ, लक्ष्यको नजिक पुग्न सकिन्छ ।

गोपबाट

# तौल घटाउन जान्नै पर्ने २१ कुरा

**धैर्य गर्नुहोस्**

तपाईंको तौल एक दुई दिन या महिना दिनको परिणाम होइन, यो त लामो समयदेखि चल्दै आइरहेको तपाईंको जीवनशैलीको नतिजा हो । यदि तौल कम गर्नु छ भने धैर्य गर्नुहोस् । बेन्जामिन फ्र्याँकलिनले भनेका छन्-'जोसँग धैर्य हुन्छ, चाहेको कुरा पाउन सक्छ ।'

तौल घटाउन पनि समय लाग्छ । शुरुको एक दुई हप्ता तपाईंको तौलमा कुनै अन्तर नआउन पनि सक्छ, तर, यसो भयो भन्दैमा धैर्य गुमाउनु हुँदैन, केही समय पर्खनुहोस्, विस्तारै तौल घट्दै जानेछ ।

**आफ्नो प्रयासमा विश्वास गर्नुहोस्**

तौल घटाउन आफूले गरेको प्रयासप्रति विश्वास गर्नुहोस् । यदि तपाईं दैनिक जीम गैरहनुभएको छ, तर, तपाईं जीम गए पनि केही फाइदा छैन भन्नुहुन्छ भने तपाईंको अचेतन मनले पनि त्यही कुरा मान्छ र त्यसबाट तपाईंलाई केही फाइदा हुँदैंन । त्यसैले आफूमा परिवर्तन ल्याउनुछ भने सकारात्मक सोंच राख्नुहोस् र आफ्नो प्रयासमा विश्वास गर्नुहोस् ।

**नाश्तापछि पानीलाई मुख्य ड्रिंक बनाउनुहोस्**

नास्ताको बेला सुन्तलाको रस, चिया, दूध लिन सकिन्छ, तर, त्यसपछि दिनभर पानीमात्र प्रयोग गर्नुहोस्, कोल्ड ड्रिंक छुँदा पनि नछुनुहोस् र चिया कफीमा पनि नियन्त्रण राख्नुहोस् । यसबाट तपाईंले दैनिक करिब २ सय ५० क्यालोरी कम गर्नु सक्नुहुनेछ ।

**कति क्यालोरी खानुहुन्छ त्यसमा १० प्रतिशत थप्नुहोस्**

यदि तपाईं दैनिक १८०० क्यालोरी भएको खाना लिनुहुन्छ, तर, तौल नियन्त्रण भएको छैन भने तपाईं आफ्नो क्यालोरीको गलत अनुमान लगाईरहनुभएको छ । तपाईंले आफ्नो अनुमानित क्यालोरीमा १० प्रतिशत थप्नुहुन्छ भने अनुमान बढी मिल्न सक्छ । जस्तै १८०० क्यालोरीमा १० प्रतिशत अर्थात् १ सय ८० थपेर १९८० क्यालोरी लिन सक्नुहुन्छ ।

**तीन पटक हैन, ४-५ पटक थोरै थोरै खानुहोस्**

दक्षिण अफ्रिकामा भएको एक अध्ययनले के देखाएको छ भने बिहान, दिउँसो, बेलुकी खानुको सट्टा ५-६ पटक थोरै थोरै खाने मानिसले ३० प्रतिशत कम क्यालोरी उपभोग गर्छ । दिनको धेरैपटक खाँदा शरीरले कम इन्सुलिन निकाल्छ जसले ब्लड सुगरलाई सही राख्छ र भोक पनि कम लाग्छ ।

**दैनिक ४५ मिनेट हिड्नुहोस्**

दैनिक ३० मिनेट टहलिनाले तपाईंको शरीरमा तौल बढ्न पाउँदैंन, यदि तौल घटाउन चाहनुहुन्छ भने कम्तीमा पनि ४५ मिनेट टहलिनुस् । यसो गर्ने भने खानपानमा परिवर्तन नल्याइकन पनि तपाई एक वर्षमा कम्तीमा पनि १५ किलो तौल घटाउन सक्नुहुनेछ । तर, टहलिने काम भने बिहानको स्वच्छ हावामा गर्नुपर्छ । यसका लागि बिहान सबेरै उठ्ने बानी बसाल्नुस् ।

**निलो रंगको बढी प्रयोग गर्नुहोस्**

निलो रंगले भोक कम गर्छ, यहीकारण रेष्टरेन्टहरुमा यसको प्रयोग कम हुन्छ । यस्तै, खाना खाँदा निलो प्लेट प्रयोग गर्नुहोस्, टेबलमा निलो कपडा प्रयोग गर्नुहोस् ।

**आफ्नो पूरानो कपडा दान दिनुहोस्**

यदि तपाईंले तौल घटाइसक्नु भएको छ भने आफ्ना पूराना ठिक नभएका कपडा दान दिनुहोस् । यसो गर्नाले एक त तपाईंलाई दान दिन पाएकोमा आत्मसन्तुष्टि हुनेछ भने अर्कोतिर फेरि मोटाएमा कपडा किन्नुपर्नेछ भनेर तपाईं तौल नियन्त्रणमा उत्प्रेरित हुन सक्नुहुनेछ ।

**खाना खान सानो प्लेट प्रयोग गर्नुहोस्**

अध्ययनका अनुसार जति भोक लागे पनि यदि तपाईंको अगाडि थोरै खाना राखिएको छ भने थोरै खानुहुनेछ र धेरै खाना राखिएको छ भने धेरै खानुहुनेछ । त्यसैले कम खाना खान सानो थालमा थोरै खाना राखेरै खानु उपयुक्त हुनेछ । चिया कफीका लागि पनि सानो कप नै प्रयोग गर्नुपर्छ ।

**खाना खाने ठाँउमा ऐना लगाउनुहोस्**

के पनि भनिन्छ भने यदि खाना खाने ठाउँमा ऐना लगाउने भने मानिस आफ्नो शरीर देखेरै तौल कम गर्नेतिर लाग्छ ।

**पानी बढी भएको खाना खाने**

पेल्सिभेनिया स्टेट युनिभर्सिटीमा भएको एक अध्ययनले के पाइएको छ भने गोलभेंडा, लौकाजस्ता कुरा खानाले क्यालोरी कम हुन्छ ।

**कम चिल्लो भएको दूध प्रयोग गर्ने**

चिया, कफी बनाउँदा या दूध पिउँदा कम चिल्लो भएको दूध मात्र प्रयोग गरौं, यस्तो दूधमा क्याल्सियम बढी र क्यालोरी कम हुन्छ ।

**९० प्रतिशत खाना घरमै खाऔं**

सकेसम्म घरमै खाने बानी बसालौं । बाहिरको खानामा बढी चिल्लोपदार्थ र बढी क्यालोरी हुन्छ, यसबाट बच्नुपर्छ ।

**बिस्तारै खानुहोस्**

बिस्तारै खाँदा तपाईंको दिमागले पेट भरिएको संकेत पहिल्यै गर्नेछ र तपाईंले कम खानुहुनेछ ।

हामी भोकै नलागी त्यत्तिकै पनि खान्छौं, कतिपय मानिसहरु बोर लाग्दा, नर्भस हुँदा या बानी लागेका कारण पनि त्यत्तिकै खान्छन् । तर यसो गर्नु ठीक होइन, वास्तवमै भोक लागेपछि मात्र खानुहोस् ।

**जूसको सट्टा फल खानुहोस्**

जूसको सट्टा फल खानुहोस्, फलले जुसको तुलनामा भोक पनि कम गर्नेछ र अन्य खाना कम खानुहुनेछ ।

**बढी हिंड्नुहोस्**

जति बढी हिड्नुहुन्छ, उति बढी तपाईंको क्यालोरी खर्च हुन्छ । लिफ्टको ठाउँमा सिढीको प्रयोग गर्नुहोस्, वरिपरीका ठाउँमा पैदलै हिंड्नुहोस्, अन्यत्र सम्भव नभएपनि कमसेकम दिनको एकदुईपटक छतको चक्कर मार्नुहोस् ।

**हप्तामा एकपटक कुनै गाह्रो काम गर्नुहोस्**

हप्तामा कम्तीमा पनि एकपटक गाह्रो काम गर्नुहोस्, जस्तो कि आफ्नो बाइक वा कार आफैं धुन सक्नुहुन्छ, बच्चाको साथमा घुम्न जान सक्नुहुन्छ, आफ्नो जीवनसाथीलाई घरको काममा सहयोग गर्न सक्नुहुन्छ ।

**साँझ कम खानुहोस्**

अध्ययनका अनुर तपाईं जति बढी दिनको समयमा खानुहुन्छ, रातको समयमा उतिनै कम खानुहोस् । तपाईंले दिउँसो खाएको खानाको क्यालोरी रातको समयमा खर्च हुने सम्भावना बढी हुन्छ ।

**नाच्नुहोस्**

समय पाउनेबित्तिकै र अवस्थाले साथ दिएसम्म गीत बजाएर नाच्नुहोस्, यसो गर्दा तपाईंलाई मनोरञ्जनका साथै क्यालोरी पनि खर्च हुन्छ । यदि नृत्यलाई रुटिन बनायो भने झन् बढी राम्रो हुन्छ ।

**कागती र मह प्रयोग गर्ने**

हरेक बिहान हल्का मनतातो पानीमा कागती र मह मिसाएर सेवन गर्नाले तौल कम हुन्छ ।

**दिउँसो खाना खानुअघि ३ गिलास पानी पिउने**

यस्तो गर्नाले भोक कम लाग्छ। यदि तपाईं तौल घटाउन चाहनुहुन्छ भने भोक लागेको बेलामा केही थोरै खानाले लाभ मिल्छ ।

स्वास्थ्य खबरबाट

# शैक्षिक हबको रूपमा स्थापित हुँदै बुटवल

**प्रतिमा गौतम**

*बुटवल*

पाल्पा जिल्लाकी सविता नेपालले छोराछोरीको शिक्षाकै लागि भनेर परिवार बुटवलमा आएको बताउँछिन् । उनले आफ्ना छोरालाई बुटवलको नविन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालयमा पढाइरहेकी छिन् ।

सविता मात्र होइन शिक्षाका लागि बुटवल नै रोज्नेको संख्या धेरै बढेको छ । बुटवल उप-महानगरपालिकाले कुल बजेटको २६ प्रतिशत बजेट शिक्षा क्षेत्रमा खर्च गर्दै आएको छ ।

बुटवलमा ३९ सामुदायिक विद्यालय र संस्थागत ५९ वटा गरी १०३ वटा विद्यालय रहेका छन् । सामुदायिक र संस्थागत गरी जम्मा ७३ हजार विद्यार्थी विद्यालय तहमा अध्ययनरत छन् । ति मध्य धेरै विद्यार्थी अहिले अध्यननकै लागि बाहिरबाट आएका छन् ।

बुटवल–५ मा रहेको कान्ति माविमा अहिले ५ हजार ७ सय विद्यार्थी अध्ययनरतमध्ये ७ सय विद्यार्थी बाहिरबाट पढ्नका लागि भर्ना भएका छन् । यो एउटा उदाहरण मात्रै हो ।

यसरी धेरै विद्यार्थीको रोजाइ बुटवल बनाउनका लागि बुटवल उप-महानगपालिकाले धेरै योजना तथा लगानी गरेको छ ।

बुटवलको कालिका मानवज्ञान माध्यमिक विद्यालय धेरै विद्यार्थी रहेको एक सरकारी विद्यालय हो । कालिका विद्यालयले शैक्षिक नतिजामा पनि देशभर अग्रणी स्थान कायम गरेको छ । बुटवलको कालिका मानवज्ञान माध्यमिक विद्यालयमा हाल ७ हजार ८ सय १ विद्यार्थी अध्ययनरत छन् । कक्षा ११ र १२ मा यहाँ शिक्षा, विज्ञान, कानुन, प्राविधिक शिक्षा र व्यवस्थापन सङ्कायमा पठनपाठन हुन्छ । भौतिक पूर्वाधार र शैक्षिक गुणस्तरले यो विद्यालयलाई सरकारले नमूना विद्यालय घोषणा गरेको छ । कालिका माविमा विपन्न तथा शहीद परिवारका विद्यार्थीले निःशुल्क खान र छात्रावासमा बस्न पाउँछन् । तर, सिट सीमित भएकोले छात्रावासमा विद्यार्थीको चाप थेग्न निकै सकस भएको विद्यालयका प्राचार्य दिनेश थापाले बताए ।

नविन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालयमा अहिले ४ हजार ७ सय २ जना विद्यार्थी अध्ययन गर्छन् । २ विगाहा क्षेत्रफलमा रहेको नविनमा अंग्रेजी माध्यममा मन्टेश्वरीदेखि कक्षा १२ सम्म पढाइ हुन्छ । विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतलका अनुसार विद्यालयमा ११ र १२ कक्षामा विज्ञान, सिभिल इञ्जिनियरिङ्ग, व्यवस्थापन, होटल म्यानेजमेन्ट, कानुन र शिक्षा विषयमा नेपाली र अंग्रेजीमा पढाइ हुँदै आएको छ ।

बुटवलका शहरी क्षेत्रका स्कुल मात्र होइन, ग्रामीण क्षेत्रका स्कुलमा पनि विकास र प्रगतिको लहर आएको छ ।

त्यस्तै यहाँका संस्थागत विद्यालयको योगदानले पनि शिक्षाको विकासको गतिलाई दरिलो बनाएका छन् । बुटवलका न्यू होराइजन, एभरेष्ट, दीप तथा अक्सफोड जस्ता थुप्रैं विद्यालयले उत्कृट नतिजा दिइरहेका छन् ।

शिक्षा ज्ञान तथा प्रविधि मन्त्रायलले २०८१ मा सबैभन्दा बढी विद्यार्थी संख्या रहेका विद्यालयमा बुटवलका कालिका, कान्ति र नविन औद्योगिक विद्यालय परेका थिए ।

नगरका शिक्षा अधिकृत यादव विष्टकाअनुसार नगरले बाल विकास शिक्षक र विद्यालय सहयोगी कर्मचारीहरूको तलब सुविधा वृद्धि ( विद्यालय सहयोगी मासिक २००० प्रशासन सहायक रु ४००० वृद्धि) भएको छ ।

शिक्षक व्यवस्थापन अनुदान (बालविकास, प्रा.वि., निमावि , मावि ९-१०, मा.वि. ११-१२ गत आ.व. देखिको निरन्तरता र नगर साझेदारी समेत) हो ।

धार्मिक विद्यालयहरूमा सहयोगी कर्मचारी व्यवस्थापन, दरबन्दी मिलानबाट स्थायी दरबन्दी काटीने विद्यालयहरूलाई शिक्षक अनुदान (प्रा.वि. ३, नि.मा.वि. २ र सामुदायिक विद्यालयहरूमा बालविकास कोटा थप ५ वटा, सामुदायिक विद्यालयमा नर्स व्यवस्थापन ३ जना गरेको छ । त्यस्तै (अभिभावक, शिक्षक र विद्यार्थीसँग) नगरप्रमुख शैक्षिक सुधार कार्यक्रम, शिक्षकका लागि कम्प्यूटर तथा आइसिटी व्यवस्थापन तालिम, शिक्षा विज्ञहरूको र शिक्षासँग सम्बन्धित सरोकारहरूको सहभागितामा शैक्षिक सम्मेलन, क्षमता विकास कार्यशाला (प्र.अ./शिक्षक/कर्मचारी), विद्यालयहरूको आन्तरिक लेखा परीक्षण र प्र.अ. तथा विद्यालय प्रशासन सहायक कर्मचारीका लागि व्यवस्थापनसम्बन्धी कार्यशाला सञ्चालन, शैक्षिक गुणस्तर सुढृणिकरणको लागि सरोकारवालाहरूसँग अन्तरक्रिया शैक्षिक कार्यक्रम सञ्चालन गरेको छ ।

सेतो गुराँस बालविकास सेवा (बालविकास कक्षा सञ्चालन), डिजिटल लर्निङ्ग पोर्टलको सञ्चालन तथा ब्यवस्थापन, वि.व्य.स., शि.अ.सं. र जन प्रतिनिधिसँग शैक्षिक सूधारसम्बन्धी अन्तरक्रिया कार्यक्रम शैक्षिक तथ्यांक व्यवस्थापन कार्यशाला शैशिक सामग्री तथा विज्ञान प्रदर्शनी ( शिक्षक/विद्यार्थी), शिक्षक नवपवर्तन तथा शिक्षकको मागको आधारमा कार्यक्रम, शिक्षा दिवस समारोह ( उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीहरूलाई पूरस्कार तथा सम्मान ) आधारभूत तह उत्तीर्ण परीक्षा संचालन र व्यवस्थापनलाई नगरले अघि बढाएको छ ।

कक्षा ३, ५, ८ र १० को नतिजा विश्लेषण , न्यून वैतनिक कर्मचारी कार्यालय सहयोगी, सफाइकर्मी नगर प्रहरी जवानका सन्ततिहरूका लागि शैक्षिक सूविधा, नगर शिक्षा योजना परिमार्जन, विद्यालय प्र.अ. शिक्षक तथा कर्मचारीहरूको शैक्षिक अवलोकन भ्रमण (सामुदायिक तथा संस्थागत विद्यालय), विद्यालय समायोजन र दरबन्दी मिलान, पाठ्यक्रम प्रवोधिकरण तथा अन्तरक्रियासम्बन्धी विषयगत कार्यशाला , विपन्न तथा जोखिममा परिवार बालबालिकाहरूका लागि निःशुल्क पोशाकको व्यवस्था, प्रतिवेदन तयारी (वित्तीय व्यवस्थापन तथा स्थिति प्रतिवेदन), कार्यक्रम प्रवोधिकण (अन्तरक्रिया), सामुदायिक सिकाइ केन्द्रलाई प्रस्तावमा आधारित कार्यक्रम संचालन अनुदान, विज्ञान तथा गणित शिक्षकहरूका लागि शैक्षिक सामग्री निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्यशाला समेत गर्दै आएको छ ।

प्र.अ.हरूको कार्यशाला /बैठक (सामुदायिक तथा सस्थागत) , विद्यालय तथा शिक्षकहरूको कार्य सम्पादन मुल्यांकन सम्बन्धि कार्यशाला ,विद्यालयको असल अभ्यास आदानप्रदान कार्यक्रम ( सामुदायिक तथा संस्थागत विद्यालय), नगर शिक्षा समितिलगायत शिक्षासँग सम्बन्धित समितिका बैठकहरू तथा कार्यशाला समेत निःशुल्क स्थानीय पाठ्यपूस्तक व्यवस्थापनका लागि विद्यालयलाई अनुदान, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक संसोधन तथा लेखन, दिवा खाजा प्रति प्रतिविद्यार्थी रु २५ पुऱ्याउन नगर साझेदारी बाल विकास देखि कक्षा ५ सम्म (विद्यालयमा खाजा बनाई खाजा खुवाएर माग गर्ने विद्यालयलाई मात्र ), सामुदायिक विद्यालयको सहकार्यमा बुटवल उपमहानगरपालिकाका बेसहारा एवं अनाथ बालबालिकाहरूका लागि आवासीय सुविधासहितको पठन पाठन ( कालिका मानवज्ञान मावि ), असहाय तथा विपन्न वर्गका विद्यार्थीहरूका लागि "नगर प्रमुख शैक्षिक सुधार कोष" द्वारा छात्रवृत्ति पोशाक तथा शैक्षिक सामग्री वितरण (मैनावागर आ.वि., सूर्योदय आ.वि., मायादेवी जनजागृति आ.वि., नरैनापुर आ.वि., जनशक्ति नमुना आ.वि., सरस्वति प्रा.वि. बुटवल १४, दुर्गा भवानी आ.वि., भवानी मा.वि., अमर मा.वि., बुटवल बालमन्दिर आ.वि.र जनज्योति आ.वि.) मा अध्ययनरत विद्यार्थीहरूका लागि पोशाक व्यवस्थापन अनूदान (विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु १२००/ नबढ्ने गरी) जस्ता कार्यक्क्रम सम्पन्न गरेको छ ।

शैक्षिक द्रपण प्रकाशन, सेनेटरी प्याडको दायित्व भुक्तानी क्रमागत आ.व. २०८०|८१ को ठेक्का, शिक्षा सिकाइमा प्रविधिको प्रयोगसम्बन्धी कार्यशाला, विद्यार्थी वृत्ति मार्ग निर्देशन सेवा, अटो भिलेजमा अटो इञ्जिनियरिङ्गको अध्ययन सहकार्य, शिक्षासम्बन्धी ऐन, नियम कार्यविधि तथा निर्देशिका निर्माण सम्बन्धि कार्यशाला, सस्थागत विद्यालय छात्रवृत्ति परीक्षा सञ्चालन, छोरी पढाऔँ, समाज बनाऔँ कार्यक्रमअन्तर्गत् बिटीआइमा प्राविधिक शिक्षा अध्ययन, बालविकास शिक्षकहरूका लागि मन्टेश्वरी विधिमा आधारित कार्यशाला, सामुदायिक विद्यालयको व्यवस्थापन तथा कार्य सम्पादन मूल्यांकन बालबालिकासँग मेयर टेलिभिजन कार्यक्रम, परीक्षा अनुगमन ( एसइई, कक्षा ११, १२), विद्यालय निरीक्षण, अनुगमन तथा प्रतिवेदन तयारी, भवानी मा.वि. (विद्यालय संचालन तथा व्यवस्थापन अनुदान), ज्ञानज्योति पुस्तकालय सञ्चालन तथा व्यवस्थापन अनूदान, विद्यालय संचालन तथा व्यवस्थापन अनुदान (मायादेवी जनजागृति आ.वि. , मैनाबगर आ.वि., दुर्गाभवानी आ.वि., सहिद स्मृति आ.वि., जनशक्ति नमूना आ.वि., जनज्योति आ.वि. सूर्योदय आ.वि., नरैनापुर आ.वि. बुटवल १६ लाई प्रति विद्यालय २ लाख ) महाविर पूस्तकालय सञ्चालन तथा व्यवस्थापन अनुदान, श्री सन्तोषी माता गुरकुल विद्या आश्रम सञ्चालन अनुदान, साधना महिला विद्यालय सञ्चालन अनुदान, सूस्त मनस्थिति बाल विद्या मन्दिर सञ्चालन अनुदान र मदरसा विद्यालय सञ्चालन अनूदान (जमिया गुलसन मदरसा, मदिना मदरसा प्रा वि, मदरसा कदरिया हेसामुल उलूम, रजाय मुस्तफा मदरसा) लगाएतका विशेष विद्यालयलाई अनुदानका कार्यक्कम, नगरप्रमुख शैक्षिक सुधार कार्यक्रम (शैक्षिक संस्थाको पूर्वाधार निर्माण) सँगै विभिन्न विद्यालयलाई भौतिक पूर्वाधार निर्माणका काम नगरले सम्पन्न गरेको छ ।

त्यस्तै शैक्षिक विकास कोषमा रकम जम्मा ,तिर्थ हरिजन पुस्तकालय बुटवल ८ नवजागृति पुस्तकालय ट्रस्ट निर्माण, बुटवल ४ आदर्श पुस्तकालय, बुटवल १६ (सौचालय निर्माण) ४ वटा सामुदायिक क्याम्पसहरूलाई मागका आधारमा पूर्वाधार विकासमा १० लाखका दरले बजेट वितरणलगायतका काम सम्मन्न गरेको शाखा अधिकृत विष्टले जानकारी दिए ।

सामुदायिक विद्यालयमा अझ रात्रि मावि, महिला विद्यालय, खुला विद्यालय, विशेष विद्यालय (सुस्तमनस्थिति), खुल्ला शिक्षा, गुरुकुल विद्याश्रम र चारवटा मदरसा विद्यालय सञ्चालनमा छन् ।

नगरका शिक्षा शाखा प्रमुख टिकाराम पन्थिका अनुसार वार्षिक ६१ करोड रुपैयाँ शिक्षा क्षेत्रमा खर्च हुने गरेको छ । शैक्षिक गुणस्तर विकासबाटै दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य अनुरूप कार्यक्कम संचालन भएको उनले बताए ।

त्यस्तै शिक्षक महासंघ बुटवल नगरका अध्यक्ष उपेन्द्र ज्ञवालीले प्राध्यापकहरूको लगन र समर्पण, विद्यालयका संघसंगठनमा एकरूपता, त्यस्तै आवश्यक मात्रामा बजेट उपलब्ध गराउनु, विभिन्न प्रकारका विद्यालयहरू प्राविधिक धार, अभिभावको सचेतना, खेलकुद तथा विभिन्न अतिरिक्त क्रियाकलाप, त्यस्तै समग्र निजी क्षेत्र र समग्र सबैको सक्रियतामा नै बुटवललाई शिक्षाको हबको रूपमा अगाडि बढाउन सफल भएको तर्क व्यक्त गरे ।

उप-महानगर प्रमुख खेलराज पाण्डेयले शैक्षिक गुणस्तर विकासबाटै दक्ष जनशक्ति उत्पादन हुने र त्यसबाटै समुन्नत बुटवलको अवधारणालाई साकार पार्न सहज हुने बताए । समृद्ध बुटवलको परिकल्पनालाई साकार पार्न दीर्घकालीन सोँच बनाएर शिक्षामा विशेष लगानी गरेका प्रमुख पाण्डेको भनाइ रहेको छ ।

त्यस्तै बुटवल उप-महानगरपालिका उपप्रमुख सावित्रादेवी अर्यालले शिक्षाको हब बुटवल विकसित भएको दाबी गरिन् । 'हो दिनभरी कमाएर बेलुका पढ्न ज्ञानोदय मावि, उमेर पुगेका महिलाकालागि साधना महिला विद्यालय र संस्थागत विद्यालय छन्, ती संस्थागत विद्यालयलाई अझैं गरिब तथा जेहेन्दारहरूलाई हामीले अनुरोध गर्यौं भनेदेखि हामी शिक्षाका थुप्रै सम्भावनाहरूलाई एकत्रित गरेर शिक्षाको क्षेत्रलाई अगाडि बढाउन खोजिराखेका छौं ।'-उपप्रमख अर्यालले भनिन् ।

नगरले आफ्नो कूल बजेटको धेरै प्रतिशत बजेट शिक्षा क्षेत्रमा खर्च गर्नु आफैंमा सकारात्मक भएको शिक्षाविद् आनन्दमान शाक्यको भनाइ रहेको छ । नगरले लगानी गरेको बजेटको उचित प्रतिफल दिनसके शिक्षाले नै बुटवललाई चलायमान र समुन्नत बनाउने विचार शाक्यले राखे ।

# नेप्से ११ दशमलव शून्य ६ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक ११ दशमलव शून्य छ अङ्कले घटेर दुई हजार छ सय २९ दशमलव ८९ को बिन्दुमा कायम भएको हो ।

तीन सय १३ कम्पनीको एक करोड ९९ लाख ९२ हजार १८१ कित्ता शेयर ८६ हजार ६३६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब १३ करोड ७४ लाख १४ हजार ९१८ दशमलव ९३ को कारोबार भएको छ ।

जलविद्युत् समूह एक दशमलव २२ र होटल तथा व्यापार समूह शून्य दशमलव १२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव शून्य पाँच, विकास बैंक शून्य दशमलव शून्य छ, वित्त शून्य दशमलव ९१, लगानी शून्य दशमलव शून्य आठ र जीवन बिमा समूह शून्य दशमलव ७७ प्रतिशतले घटेको छ ।

उत्पादन तथा प्रशोधन शून्य दशमलव ७४, लघुवित्त शून्य दशमलव ७०, म्युचुअल फण्ड शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ९५, व्यापार शून्य दशमलव २३ र अन्य समूह शून्य दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबारमा रिभर फल्स पावर लिमिटेड र पिअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु ७२ करोड ९५ लाख १४ हजार ६६० बरबरको शेयर किनबेच भएको छ । कारोबार संख्याका आधारमा सबैभन्दा बढी डादी ग्रुप पावर लिमिटेडको १५ लाख ४७ हजार ६४ कित्ता शेयर किनबेच भएको छ ।

# कालीगण्डकी करिडोरः हर्मिचौर-बलेवा खण्डमा कालोपत्र



ढोरपाटन । राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरको हर्मिचौर-बलेवा खण्ड कालोपत्र गरिएको छ । गुल्मीको हर्मीचौरबाट बागलुङको बलेवासम्म ४४ दशमलव ४८ किलोमिटर सडक कालोपत्र गरिएको हो ।

तीन वर्षमा सक्नेगरी कालिका कन्स्ट्रक्सनले विसं २०७९ मङ्सिर २६ गते निर्माणको जिम्मा पाएको थियो । निर्धारित म्याद सकिन छ महिना अगावै कालोपत्र सम्पन्न भएको निर्माण कम्पनीले जनाएको छ ।

बागलुङ खण्डमा पालुङखोलाबाट बेलावासम्मको २४ दशमलव ४८ किमी र गुल्मी खण्डमा हर्मिचौरबाट पालुङखोलासम्मको २० किमी कालोपत्रका लागि कालिका कन्स्ट्रक्सनले रु तीन अर्ब ३३ करोडमा निर्माणको जिम्मा पाएको थियो । निर्माण कम्पनीले काम सम्पन्न गरे पनि सबै भुक्तानी भने नभएको जनाएको छ ।

छ महिना अगाडि काम सकेपछि निर्माण कम्पनीलाई जैमिनी नगरपालिकाले सम्मान गरेको छ । कतिपय कम्पनीले ढिलासुस्ती गर्दा योजनाहरू अलपत्र पर्छन् भन्ने नकरात्मक धारणाको विकास भइरहेको सन्दर्भमा कालिका कन्स्ट्रक्सनले समय अगावै काम सकेपछि नगरपालिकाले सम्मान गरेको हो । छोटो समयमा करिडोर कालोपत्र भएपछि स्थानीय उत्साहित भएका छन् ।

कालिका कन्स्ट्रक्सनका प्रतिनिधि महेश सुवेदीले यस खण्डमा केही अवरोध नहुँदा समयमा काम सम्पन्न गर्न सफल भएको बताए । हर्मिचारी-बलेवा खण्डमा पर्ने गुल्मीको कालीगण्डकी गाउँपालिका, बागलुङको जैमिनी तथा बागलुङ नगरपालिकाका जनप्रतिनिधि र स्थानीयले सकरात्मक भूमिका निर्वाह गरी समन्वय गरेकाले समय अगावै काम सम्पन्न भएको उनको भनाइ छ ।

"मैले यो सडकमा काम गर्नका लागि कालीगण्डकी करिडोर कार्यालय पाल्पासँग सम्झौता गरेको भोलिपल्टै आएर सडकको अवस्था हेरेको थिएँ, यहाँको अवस्था देख्दा मैले समय अगावै काम सक्छु भन्ने लागेको थियो", सुवेदीले भने-"आयोजना प्रमुख र जैमिनीका जनप्रतिनिधिलाई सोही बेला समन्वयका लागि आग्रह गर्दै समयमै काम सक्ने प्रतिबद्धता गरेको थिएँ । सोहीअनुसार काम गर्ने तालिका बनाएर कार्यान्वयन गरेको हुँ ।"

सडक कालोपत्र भएपछि भारतीयसहित आन्तरिक पर्यटकलाई मुक्तिनाथ पुग्न सहज हुनुका साथै ग्रामीण क्षेत्रमा उत्पादन भएका वस्तु बजारीकरणमा टेवा पुग्ने जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताए । पछिल्लो समय जैमिनीबाट बसाइँसराइ गरेर तराई झर्नेको लर्को चलिरहेका बेला करिडोर कालोपत्र भएपछि गाउँमा रोकिने सम्भावना बढेको उनको भनाइ छ ।

करिडोरले बागलुङसहित आसपासका क्षेत्रमा पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापारलगायत क्षेत्रमा सम्भावना बोकेर आएको शर्माले जनाए । "करिडोरले दक्षिण बागलुङलाई सिधा व्यापारिक केन्द्रसँग जोडेको छ । भारत र चीनसँग पनि जोडिएका छौँ । अब यहाँका नागरिक बसाइँसराइ गरेर अन्त जाने होइन, आफ्नै गाउँठाउँमा उद्यमी बन्नुपर्छ", उनले भने-"करिडोर हाम्रा लागि अवसर बनेर आएको छ, अवसरलाई सही सदुपयोग गर्नेतर्फ सबै एकजुट भएर लाग्नुपर्छ ।"

जैमिनी-१ का स्थानीय तिलकबहादुर थापा मगरले करिडोरले यहाँका नागरिकको जीवनस्तरमा परिवर्तन ल्याउने विश्वास व्यक्त गरे । पहिले बुटवल, भैरहवालगायत स्थानमा पुग्न पोखरा, स्याङ्जा हुँदै महँगो भाडा तिरेर जाने गरेको भन्दै अब जैमिनीबाट सिधैँ चार घण्टामा पुग्न सकिने उनले बताए ।

गत वर्षसम्म ढुवानी महँगो हुँदा दैनिक उपभोग्य सामानलाई बढी मूल्य तिरेर उपभोग गर्नुपरेको भन्दै अब सहज हुने उनको भनाइ छ ।

कालीगण्डकीको करिडोरको बागलुङ खण्डमा कूल ३४ किलोमिटर पर्दछ । जसमध्ये जैमिनी नगरपालिकामा १९ दशमलव पाँच र बागलुङ नगरपालिकामा १४ दशमलव पाँच किमी पर्दछ । बलेवाबाट मालढुङ्गासम्मको १० किमी भने कालोपत्र गर्न बाँकी छ । त्रिदेशीय सडकका रूपमा रहेको करिडोर आयोजना १४ वर्ष अगाडि सुरु भएको थियो ।

नवलपुरको गैंडाकोटबाट कोराला नाकासम्म चार सय ९५ किमी रहेको करिडोर बागलुङको मालढुङ्गा दुई सय ४० किमी लामो छ । यसले मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वतलगायत जिल्लाबाट बुटवल, भैरहवा र भारतसम्म पुग्ने यात्रासमेत छोट्याएको छ ।

## घर...

यसमा पनि नयाँ संशोधनले लचक व्यवस्था गरेको छ । नयाँ व्यवस्थाअनुसार १० लाख रुपैयाँभन्दा माथिको कारोबारको जुनसुकै प्रकाणको भुक्तानी बैंकिङ उपकरणमार्फत् गरी सोको प्रमाण र ५० लाख रुपैयाँभन्दा माथिका घरजग्गा खरिद गर्दा क्रेताले बैंकबाट भुक्तानीका लागि गुड फर पेमेन्ट चेक वा बैंक ग्यारेन्टी वा ईपेमेन्ट वा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम तोकिएका भुक्तानीका अन्य उपकरणमार्फत भुक्तानी भएको प्रमाण वा बिक्रेताको खातामा नगद जम्मा गरेको बैंक भौचरको फोटोकपी खरिदकर्ता वा बिक्रीकर्ता दुवैले प्रमाणित गरी पेश गर्नुपर्ने छ भन्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, यसअघि बैंकमार्फत राजस्व दाखिला गर्ने व्यवस्था भएका कार्यालयका हकमा १० लाखभन्दा बढीको घरजग्गा खरिद-बिक्री कारोबार गर्दा लाग्ने रजिस्ट्रेसन बापत शुल्क र दस्तुर तथा विक्रीकर्ताले तिर्नुपर्ने लाभकर खाताबाट तिर्नुपर्ने व्यवस्था रहेकोमा त्यो पनि हटाइएको छ ।

यसअघि बैनाबट्टाको कारोबारको बैंक स्टेटमेन्ट पनि अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था गरिएकोमा त्यो पनि हटाइएको छ ।

यसअघि घरजग्गा खरिद-बिक्री गर्ने खरिदकर्ता वा बिक्रीकर्ताले एक दिनमा एक पटक वा पटक पटक गरी ३ करोड वा त्यसभन्दा बढी रकमको घरजग्गा खरिद वा बिक्री गरेको विवरण नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने व्यवस्था गरिएको थियो । यो सीमालाई भने एक करोडमा झारिएको छ ।

विभागले जारी गरेका निर्देशनमध्ये केही आवश्यक पूर्वाधार नै नबनाई गरेको र केही वैयक्तिक गोपनीयतासम्बन्धी ऐनविपरीत हुने खालका देखिएकाले संशोधन गर्न भनिएको प्रधानमन्त्री कार्यालयका सचिव फणिन्द्र गौतमले बताए ।

खरिदकर्ता र बिक्रीकर्ताको बैंक स्टेटमेन्ट अनिवार्य गर्नुपर्ने व्यवस्था वैयक्तिक गोपनीयतासम्बन्धी ऐनविपरीत हुने भएकाले त्यो व्यवस्था हटाउन भनिएको उनले बताए ।

'ऐनले यस्ता विवरण गोप्य राख्न भन्छ, त्यसो हुँदा त्यस्ता विवरण अनिवार्य गर्नुपर्ने व्यवहारिक देखिएन ।'- सचिव गौतमले भने । निश्चित रकमभन्दा माथिको कारोबार अनिवार्य रुपमा बैंकमार्फत नै गर्नुपर्ने, गुड फर पेमेन्ट चेकमार्फत् गर्नुपर्ने व्यवस्था यसअघि नै गरिएकाले यो विषयमा पनि केही संशोधन गरिएको उनको दाबी छ ।

'मालपोत ऐन दुई वर्षअघि भएको संशोधनअनुसार निश्चित क्षेत्रफल र निश्चित मूल्यभन्दा माथिको घरजग्गा कारोबार लाइसेन्स लिएको निकायले मात्रै गर्न पाउने व्यवस्था छ । तर, त्यसअनुसार लाइसेन्स दिने र त्यस्तो निकाय तोक्ने काम राजपत्रमा सूचना जारी गरी गर्नुपर्नेमा त्यो भएको छैन । त्यसकारण त्यस्ता निकायहरु अहिले अस्तित्वमै आएका छैनन् । हुँदै नभएका संस्थालाई निर्देशन दिनु अव्यावहारिक हुने भएकाले सच्याउन भनिएको हो ।'- सचिव गौतमले भने ।

घरजग्गा कारोबार गर्दा तीनपुस्ते विवरण, ल्याप्चेलगायत सबै कुरा हुन्छ । त्यो नै व्यक्तिहरूको केवाईसी विवरण भएकाले छुट्टै केवाईसी नचाहिने गरी संशोधन गरिएको उनले बताए ।

## लुम्बिनी...

केबलकारले जन्मदिनमा निःशुल्क यात्रा, हरेक महिनाको १ गते साँझ महाआरती अफर, ५० जना भन्दा बढी समूहमा आउनेलाई विशेष छुट अफरलगायत विभिन्न संघसंस्थासँग टिकट दरमा छुटको सम्झौता गरी बजार प्रवर्धन गरिरहेको अपरेसन म्यानेजर सैंजूले बताए ।

बसन्तपुरमा तराईका ठाउँभन्दा ७ देखि १० डिग्री सेल्सियस कम तापक्रम हुने भएकाले गर्मी मौसममा शीतल र जाडो याममा घाम लागेर न्यानो हुने भएकाले पर्यटकको लागि रोजाइको थलो बनेको कम्पनीका म्यानेजर प्रज्ज्वल घिमिरेले बताए ।

धार्मिक र पर्यटकीय पूर्वाधार, जुनसुकै ऋतुमा अनुकुल मौसम, बजारको कोलाहल र प्रदूषणबाट मुक्त स्वच्छ, शान्त वातावरणका कारण बसन्तपुर नेपालीको मात्र नभई भारत उत्तर प्रदेशका पर्यटकको पनि रोजाईको थलो बनेको घिमिरेले बताए ।

अहिले बसन्तपुर सेलिब्रेटी कलाकार, खेलाडी, सबैजसो दलका नेता घुम्न आउनेदेखि विवाह गर्ने र म्युजिक भिडियो सुटिङ गर्ने थलो बनेको सुनारले सुनाए । विभिन्न व्यवसायिक संघसंस्थाहरुसँग छुट सम्झौता गरेर बजार प्रवर्धन गरिरहेको छ ।

केबलकारले पाल्पा तिनाउ -३ र बुटवल वडा नं. ३ का बासिन्दालाई टिकटमा ५० प्रतिशत छुट तथा प्रति टिकट दुई पालिकालाई एक-एक प्रतिशत रकम कर वापत दिएको छ । यसबाट स्थानीय विकासमा पनि राम्रै योगदान भएको छ ।

अष्ट्रियाको विश्व विख्यात डुपलमायर कम्पनीबाट बनेको लुम्बिनी केबलकार २ किलोमिटर ६ सय मिटर लामो रहेको छ । २५ वटा गोन्डला रहेको केबलकारले दैनिक ६ हजार पर्यटक आवतजावत गराउन सक्छ ।

विश्वका विभिन्न देशमा सय वर्षदेखि १५ हजार बढी संख्यामा सञ्चालनमा रहेको यो केबलकारको प्रविधि विश्वमै अत्याधुनिक र सुरक्षित रहेको अपरेसन म्यानेजर डीएन कायस्थ सैंजू बताउँछन् ।

केबलकार सञ्चालनमा आएपछि प्रदेश सरकारको पर्यटन विकास परिषद्ले बसन्तपुरलाई प्रमुख पर्यटकीय थलको सूचीमा सूचीकृत गरेको परिषद्का प्रमुख रामु जोशीले बताए ।

केबलकार र पाँचतारे होटेलसहित कुल लागत ५ अर्ब रुपैयाँ लागतको आयोजनाअन्तर्गत दुई वर्षभित्र साढे तीन अर्ब लगानीमा बसन्तपुरमा एकसय ५० कोठा, एक हजार जना क्षमताको बैंक्वेट हल, क्यासिनोसहित पाँचतारे होटेल बनाउने प्रकृया अघि बढेको छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



गुफाको अवलोकन गर्दै पर्यटकः
दाङको तुलसीपुर उप-महानगरपालिका-४, मुलकोटस्थित प्राकृतिक सौन्दर्य र धार्मिक महत्त्व बोकेको सिद्ध चमेरे गुफाकोअवलोकन गर्दै आन्तरिक पर्यटक । तस्विरः कुलदीप न्यौपाने/रासस

# जन्तीलुङ्ग र मरामकोट होम स्टेलाई व्यवस्थित गर्दै तिनाउ गाउँपालिका




**कृष्ण पोखरेल**
*पाल्पा*

तिनाउ गाउँपालिकाको वडा नं. ६ जन्तीलुङ्ग र वडा नं. ५ मरामकोटमा घरवास ( होमस्टे कार्यक्रम सुरु भएको छ। लुम्बिनी प्रदेश सरकार र तिनाउ गाउँपालिकाको आर्थिक सहयोगमा सशक्तिकरण विकास नेपाल पाल्पाको आयोजनामा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तरगत दुवै वडाका होम स्टे संचालक तथा भविष्यमा पाहुना राख्ने घरधनीहरुलाई एक हप्ते होम स्टे सञ्चालन, व्यवस्थापन तथा कुक तालिम सुरु भएको छ।

तालिमको गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले उद्घाटन गरे । तालिम कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष श्रेष्ठले स्वर्गको टुक्राको रुपमा रहेको जन्तीलुङ्ग र मरामकोटलाई अबका दिनमा पैसा कमाउने युरोप र अमेरीका बनाउन सकिने बताए। अहिले बुटवल भैरहवामा गर्मी भएर बस्न सकिने अवस्था छैन, तर मस्यामको जन्तीलुङ्ग र मरामकोटमा जाडो भएर जेठ असारमा ज्याकेट लगाउनु पर्ने अवस्था छ, प्रकृतिले दिएको स्वर्गको टुक्रामा पाहुना बोलाएर मनग्गे आम्दानीको श्रोत बढाउन सकिने पालिका अध्यक्ष श्रेष्ठले बताए। स्वर्गको टुक्रामा हामीले पाहुनाहरुलाई व्यवस्थित रुपमा राख्न, स्थानीय परिकार खुवाएर खुसी बनाउन, यहाँको प्राकृतिक वातावरणमा रमाउने गराउन स्थानीयवासीहरुलाई पालिकाले होम स्टे प्रवर्धन कार्यक्रम सञ्चालन गरेको उनले बताए।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लालबहादुर थापाले पछिल्लो समयमा होम स्टे व्यवसाय फष्टाउँदै गएको, पाहुनाहरुले पैसाभन्दा पनि खानपिनको साथै बासको राम्रो व्यवस्था, उचित सरसफाइ, स्थानीय मौलिक खानपान, कला संस्कृति खोजेको बताए । जन्तीलुङ्ग र मरामकोटको वातावरण निकै राम्रो छ, अब स्थानीयवासीले पाहुनलाहरुको मन जित्ने गरी काम गर्नु पर्‍यो, त्यसको लागि पालिकाले होम स्टे प्रवर्धन कार्यक्रम ल्याएको उपाध्यक्ष थापाले बताए । अहिले जन्तीलुङ्गमा आउने बाटो घाटो राम्रो रहेको, झुम्सा, चर्चरे र डुम्रेबाट आघा घण्टामै आउन सकिने भएकोले गाउँको आम्दानी र प्रचार प्रसार गर्न होम स्टे व्यवसाय उत्तम रहेको पालिका उपाध्यक्ष थापाले जनाए।

कार्यक्रममा होम स्टे नेपालका केन्द्रीय उपाध्यक्ष धनीश्वर बस्यालले होम स्टे व्यवसायबाट नै गाउँलाई आर्थिक रुपमा बलियो बनाउन सकिने बताए । होम स्टेबाट गाउँको कृषि उत्पादन, पशुपालन, अन्य किसिमका रोजगारीहरु समेत बढ्ने, विदेशमा कमाउने रकम स्वदेशमै कमाउन सकिने अवस्था रहेकोमा होम स्टे नेपालका केन्द्रीय उपाध्यक्ष बस्यालले जोड दिए।

कार्यक्रममा सशक्तिकरण विकास नेपाल तानसेन पाल्पाका सचिव सागर पोखरेलले विगतको जन्तीलुङ्ग र हालको जन्तीलुङ्गको फरक अवस्थाका बारेमा चर्चा गरेका थिए। सचिव पोखरेलले संस्थाले एक हप्तासम्म गर्ने कार्यक्रमको उद्देश्य, प्रभाव तथा महत्वको चर्चा गर्दै होम स्टे सञ्चालन, व्यवस्थापन तथा कुक तालिमको बारेमा जानकारी गराएका थिए।

तिनाउ गाउँपालिकाले होम स्टेमा आउने पाहुनाहरुको लागि जन्तीलुङ्गमा ७ वटा र मरामकोट २ वटा नयाँ घर निर्माण गरिरहेको छ। दुबै वडावासीलाई मौरी पालन तालिम, बंगुर पालन तालिम संचालन गरिसकेको छ भने अबका केही दिनमा तरकारी खेती, बाख्रापालन तालिम, खानापकाउने कुकु तालिम, अतिथि सत्कार तालिम, पाहुनाकोठा, सुत्ने कोठाको सजावट तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु सञ्चालन गरिने सशक्तिकरण विकास नेपाल पाल्पाकी अध्यक्ष एन्जिना खनालले बताइन्।

जन्तीलुङ्ग र मरामकोट अहिले पनि स्थानीयहरुले होम स्टे कार्यक्रम सञ्चालन गरी पाहुनाहरुलाई राख्दै आएका छन् । जन्तीलुङ्ग सामुदायिक होम स्टेमा प्रतिव्यक्ति १ हजार २ सय रुपैयाँमा स्वागत, साँझको खाजा, खाना, लोकल कुखुराको मासु, र बिहानको खाजाको प्याकेज रहेको छ । प्राकृतिक रुपमा अति सुन्दर ठाउँ रहेको जन्तीलुङ्ग र मरामकोटबाट हिमालदेखि तराईसम्मका दृश्यहरु अवलोकन गर्न सकिन्छ।

# ५० प्रतिशत अनुदानमा कृषि औजार प्रदान



देवदह । देवदह नगरपालिकाले कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषिका औजार प्रदान गरेको छ । प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाअन्तर्गत साना व्यवसायी कृषि उत्पादन केन्द्र तरकारी विकास कार्यक्रमअन्तर्गत २४ लाख बराबरको कृषि औजार देवदह नगरपालिका-१२, का सानदार कृषक समुहद्वारा सञ्चालित तरकारी पकेट क्षेत्रका कृषकहरु प्रदान गरिएको हो । प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको १२ लाख र कृषकहरुको १२ लाख गरी २४ लाख बराबरको कृषि औजार एक कार्यक्रमका बिच कृषकहरुलाई हस्तान्तरण गरेको हो।

मिनी ट्रेलर ७ थान, मोटर ७ थान, पम्पसेट ४ थान, स्प्रे टंकी १३ थान, पाइप १५५ फिट, डेलीभरी पाइप ४२० किलो कृषि सामग्री हस्तान्तरण गरेको हो । देवदह-१२, का ४ वटा टोल विकास संस्थालाई मिलाएर सानदार नगर कृषक समूहद्वारा करिव ३० विगाहा क्षेत्रफलमा तरकारी उत्पादन गर्दै आइरहेको छ । तरकारी उत्पादनको लागि सिँचाइसँगै खेत जोत्नको लागि उक्त सामग्री प्रदान गरिएको देवदह नगरपालिका कृषि शाखाका पविन्द्र मल्लले जानकारी दिए । देवदह-१२, को सानदार नगर क्षेत्रमा विगत लामो समयदेखि तरकारी उत्पादन गर्दै आइरहेको र उत्पादन वृद्धि गर्नको लागि कृषकहरुलाई कृषि औजार प्रदान गरिको उनले जानकारी दिए।

सो अवसरमा बोल्दै नगरप्रमुख धुव्रप्रसाद खरेलले कृषि औजार प्रदान गरेसँगै उत्पादन वृद्धि हुनेमा जोड दिए। उनले कृषिको प्रवर्धन गर्नको लागि विभिन्न औजार प्रदान गरेको बताउँदै तरकारी खेतीलाई व्यवसायिक बनाउन आवश्यक रहेकोमा जोड दिए। उनले उत्पादन वृद्धिले मात्र आर्थिक विकास हुने बताउँदै समूहमा तरकारी खेती गर्नु पर्नेमा जोड दिए।

सानदार नगर कृषक समूहका अध्यक्ष राजकुमार मल्लाहको अध्यक्षतामा भएको कार्यक्रममा देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ्ग, देवदह-१२, का वडाध्यक्ष डेगबहादुर सारु, लेखा अधिकृत निरज पौडेल, कृषि शाखाका सञ्जय अर्यालगायतको उपस्थिति रहेको थियो । सानदार कृषक समूहका सचिव राजेश केवटको स्वागत र कृषि शाखाका प्राविधिक पविन्द्र मल्लको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# पालिकाकाबिच स्थानीय तहका असल अभ्यासको थालनी

बुटवल। बुटवल उप-महानगरपालिकासँग सिमाना जोडिएका रुपन्देही र पाल्पाका ६ वटा स्थानीय तहले सीमा क्षेत्रको समस्या समाधान तथा सहकार्य गर्न सहमति गरेका छन् ।

बुटवल उप-महानगरपालिकाले आयोजना गरेको अन्तरक्रियात्मक गोष्ठीपछि १० बुँदे सहमतिपत्रमा हस्ताक्षर गर्दै यी पालिकाले सहकार्य र संयुक्त अभ्यास गर्ने सहमति गरेका हुन्।

रुपन्देहीका बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, सैनामैना नगरपालिका, देवदह नगरपालिका, शुद्धोदन गाउँपालिका र बुटवलसँग सीमा जोडिएको पाल्पाको तिनाउ गाउँपालिकाले संविधानमा रहेका अधिकारका साझा सूचीका विषयमा सङ्घ र प्रदेशबाट बन्नुपर्ने कानुनहरु यथाशीघ्र निर्माण गर्न सम्बन्धित निकाय र तहमा माग गर्ने निर्णय गरेका छन् ।

यस्तै पालिका तहका सरकारी तथा सार्वजनिक संरचना तथा भौतिक पूर्वाधार विकास निर्माणका लागि छिटोछरितो तवरबाट जग्गा उपलब्ध हुने व्यवस्था गर्न नेपाल सरकार र सम्बन्धित निकायसँग माग गर्ने निर्णय भएको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले जानकारी दिए।

पालिकाका सीमा क्षेत्रका नदी वा खोलानालाको संरक्षण, नदीजन्य पदार्थको उत्खनन् तथा उपयोगका सम्बन्धमा नदीको वहाबलाई सम्बन्धित पालिकाका विज्ञ प्रतिनिधि सम्मिलित संयुक्त समितिको प्रतिवेदनका आधारमा प्राविधिक विधिबाट व्यवस्थापन गरी प्राकृतिक स्रोतको उपयोग गर्न यी पालिकाबिच सहमति भएको छ।

पालिकाहरुका बिचमा सीमा विवाद, पूर्वाधार विकास तथा प्रशासनिक अन्योल समाधानका लागि संयुक्त संयन्त्र निर्माण गरी निरुपण गर्ने सहमति पनि छ वटा पालिकाले गरेका छन्।

यस्तैगरी, सीमाक्षेत्रका सडक तथा अन्य पूर्वाधार विकासमा आवश्यकताअनुसार संयुक्त लगानी वा साझेदारी गर्न आवश्यक कार्य गर्ने, स्थानीय तहले निर्माण गर्नुपर्ने कानुन निर्माणका लागि यथाशीघ्र निर्माण गर्न आपसी समन्वय र सहकार्य गर्ने सहमति पालिकाका बिचमा भएको छ।

यस्तै, यी ६ पालिकाले पूर्वाधार विकास, विपद् व्यवस्थापन, दमकल तथा एम्बुलेन्स सञ्चालन, फोहरमैला विसर्जनस्थल वा प्रशोधन, तीनपाङ्ग्रे सवारी सञ्चालन, पर्यटन प्रवर्धन, अन्तरपालिका भगिनी सम्बन्ध कायम राख्ने र असल अभ्यासको आदानप्रदान गर्ने सहमति पनि गरेका छन्।

कृषिउपज तथा अन्य उत्पादनको सङ्कलन, भण्डारण र बिक्री वितरण गर्न आपसी साझेदारी गर्ने र अन्य समस्या वा अन्योलको समाधान गर्न एकमत हुने निर्णय भएको नगर प्रमुख पाण्डेयले बताए । पालिकाबिच भएको सहमतिलाई सबै पालिकाहरुले आगामी नीति तथा कार्यक्रम र बजेटमा उल्लेख गरी आवश्यक नीतिगत निर्णय गर्ने उनले जनाए।

उनले स्थानीय तहहरुका बिचमा आपसी समन्वय, सहकार्य र साझेदारी कायम राख्नेगरी हरेक वर्ष सबै पालिकाको सहभागिता र सहकार्यमा बुटवल उपमहानगरपालिकाले अन्तरपालिका समन्वय बैठक तथा अन्तरक्रियात्मक गोष्ठीको आयोजना गर्ने बताए। कार्यक्रमले स्थानीय तहहरुका बिचमा सहकार्य, समन्वय र साझेदारी गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंले जानकारी दिए।

बुटवल र तिलोत्तमाका बिचमा धेरै विषयमा कैयौँ पटक छलफल गर्नुपर्ने र निकास निकाल्न कार्यक्रमले झनै प्रभावकारी बनाउने तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँण बताउँछन् । उनले बुटवलले थालेको यो अभ्यासले छिमेकी पालिकासँग सहकार्य र समन्वय गर्न सहज हुने जनाए।

शुद्धोदन गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद बस्यालले नदीजन्य पदार्थदेखि विकासका काममा छिमेकी पालिकाहरुकाबीचमा अन्योल हुने गरेको अवस्थामा बुटवलले थालेको पहल प्रभावकारी हुने बताए। उनले अन्य पालिकासँग समन्वय र सहकार्यको जरुरी रहेको औंल्याए।

तिनाउ गाउँपालिका पाल्पाका अध्यक्ष प्रेम श्रेष्ठले बुटवल र तिनाउका बिचमा पानीको स्रोतदेखि अन्य क्षेत्रको सहकार्य रहिआएको र बुटवलले यसै वर्षदेखि आपसी साझेदारीमा विशेष जोड दिएको बताए।

उनले तिनाउबाट बुटवलमा पानी ल्याउने मुहान क्षेत्रको विकासका लागि रु दुई करोड विनियोजन गरेको र बुटवलसँगको सहकार्य अझ मजबुत बनेको जानकारी दिए।

# नेपालमै पहिलोपटक लिङ्ग परिवर्तनको सफल शल्यक्रिया



काठमाडौँ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा नेपालमै पहिलोपटक सफलतापूर्वक लिङ्ग परिवर्तनसम्बन्धी शल्यक्रिया भएको छ।

जनकपुर निवासी २५ वर्षीया एक पारलैङ्गिक(ट्रान्सजेन्डर) व्यक्तिमा पुरुषको लिङ्गको तन्तुहरुलाई चाहिने मात्रामा उपयोग गरेर महिलाको जननेन्द्रिय अङ्गको पुनःनिर्माण गरिएको हो।

अस्पतालको प्लास्टिक सर्जरी विभागद्वारा यही जेठ १२ देखि १५ गतेसम्म पारलैङ्गिक समुदायका लागि आयोजित विभिन्न प्रकारका शल्यक्रियामा उक्त शल्यक्रिया पनि गरिएको हो। त्यस अवसरमा अनुहार तथा स्तनको पनि शल्यक्रिया गरिएको थियो।

अस्पतालका प्रवक्ता तथा सह-प्राडा गोपाल सेढाइँले अब यो सेवा नेपालमै नियमित रूपमा उपलब्ध हुने भएकाले विदेश जानुपर्ने बाध्यता नहरेको बताए । उनले भने-"लिङ्ग परिवर्तन जस्तो संवेदनशील र जटिल शल्यक्रिया धेरै खर्चिलो हुने कारणले हाल नेपालमै यो सुविधा उपलब्ध भएपछि पारलैङ्गिक समुदायलाई धेरै राहत मिल्नेछ।

यसले पारलैङ्गिक समुदायलाई आफ्नो लैङ्गिक पहिचानको पूर्ति गर्न एक महत्वपूर्ण उपाय हुनेछ।"

शल्यक्रियामा विदेशी प्लास्टिक सर्जन डा. एलिजा हामीडियन जाह्रोमीको नेतृत्व तथा विभागीय प्रमुख प्राडा जयनमान श्रेष्ठको संयोजनमा सम्पूर्ण प्लास्टिक सर्जरी तथा एनेस्थेसिया टिमको सहभागिता रहेको थियो।

डा.जयनमान श्रेष्ठकाअनुसार अबदेखि त्रिवि शिक्षण अस्पतालमा 'जेन्डर अफर्मिङ यिक्लनिक'स्थापनासहित यस्ता सेवा नियमित रूपमा प्रदान गरिनेछ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै
हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# आन्तरिक पर्यटन प्रवर्धन गर्न 'ग्रीन पार्क' निर्माण

दाङ । घोराही उपमहानगरपालिका-१८ अम्बापुरमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अम्बिकेश्वरी ग्रीन पार्क निर्माण गरिएको छ। व्यावसायिक रूपमा निर्मित पार्कमा आकर्षक ताल, कृत्रिम झरना, विश्रामस्थल, पार्टी प्यालेसलगायत संरचना रहेका छन् । पार्क स्थानीय ३९ वर्षीय विकास बुढाथोकीले सञ्चालनमा ल्याएका हुन्।

आन्तरिक पर्यटन प्रवर्धन गर्ने लक्ष्यसहित बालबालिका, ज्येष्ठ नागरिक, युवा, विद्यार्थी सबैलाई लक्षित गरी पार्क निर्माण गरिएको उनले बताए। गाउँघरमा उद्यम गर्न सकिने भन्दै रु पाँच करोड लगानीमा पार्क निर्माण गरेको बुढाथोकीले जानकारी दिए।

"स्थानीयस्तरमा स्वरोजगारमूलक काम गरी आयआर्जन गर्न सकिन्छ भन्ने सोंचका साथ करिब नौ वर्षसम्म शिक्षण पेसामा आबद्ध भएँ", उनले भने-"अहिले आन्तरिक पर्यटन प्रवर्धन गर्ने उद्देश्यले पार्क सञ्चालनमा ल्याएको हुँ। यहाँ अझैं केही संरचना बनाउन बाँकी छ, अधिकांश भने बनिसकेका छन्।"

गत बैशाख १७ गतेदेखि सञ्चालनमा आएको पार्कमा दैनिक एक हजार बढी नागरिक पुग्ने गरेका बुढाथोकीले जानकारी दिए। जिल्लाको घोराही, तुलसीपुर, लमहीलगायत ठाउँबाट आन्तरिक पर्यटक यहाँ आउने गरेका भन्दै उनले यसको प्रचारप्रसार गर्न सके अन्य जिल्लाका साथै छिमेकी मुलुकका पर्यटकलाई आकर्षित गर्न सकिने धारणा राखे।

पार्कमा बालबालिकाका लागि स्वीमिङ, बोटिङ, रुखमाथि क्याफेलगायत संरचना निमार्णको अन्तिम चरणमा पुगेका बुढाथोकीले उल्लेख गरे। "यहाँ सबै उमेर समूहका लागि संरचना तयार गरिएको छ। करिब २० फिट उचाइको छहराबाट पानी बग्ने झरनासमेत बनाइएको छ। पार्क स्थापनाको मुख्य उद्देश्य आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु हो।"-उनले भने। पार्कको प्रचारप्रसारमा स्थानीय सरकारले सहजीकरण गर्नुपर्नेमा जोड दिँदै यसले जिल्लाको पर्यटन विकास सहयोग पुर्‍याउनुका साथै रोजगारी सिर्जना गर्ने र स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने उनले विश्वास व्यक्त गरे। उनका अनुसार पार्कमा प्रवेशका लागि रु एक सयको टिकटको व्यवस्था गरिएको छ।

सञ्चालक बुढाथोकीले निजी लगानीमा दाङसहित आसपासका क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्मित पार्कमा लगानी थपेर केही संरचना र पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता औँल्याए। "अघिपछिको तुलनामा भन्दा बिदाको दिनमा करिब एक हजार २०० आन्तरिक पर्यटक यहाँ आउँछन्। पार्क नजिककै धार्मिक तथा पर्यटकीयस्थल अम्बिकेश्वरी मन्दिर रहेकाले पनि आन्तरिक पर्यटकको आगमन बढेको हो।"-उनले भने।

घोराही उपमहानगरपालिका-१५ की सरिता केसीले पार्कमा निर्मित संरचना बालबालिका, युवा, ज्येष्ठ नागरिक सबैलाई आकर्षित गर्ने किसिमका रहेका बताइन्। उनले छोराछोरीलाई पार्क अवलोकनका लागि लिएर आएको भन्दै पार्कका माध्यमबाट आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सकिने धारणा राखिन्। स्थानीय नागरिकले सञ्चालनमा ल्याएको पार्कले यहाँको व्यवसाय र पर्यटन प्रवर्धनमा टेवा पुग्नुका साथै आयआर्जन र रोजगारीका अवसर सृजना हुने केसीले विश्वास व्यक्त गरिन। उनले स्थानीय सरकारले पार्कको प्रचारप्रसारमा सहजीकरण गर्नुपर्नेमा जोड दिइन्। उक्त ग्रीण पार्क करिब एक बिघा क्षेत्रफलमा फैलिएको छ।


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com